# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः २०७५।७६

चलानी नं. :

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
आठराई गाउँपालिका,
तेह्रथुम ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट आठराई गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९ करोड ९१ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ करोड २३ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.५१ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६ करोड १६ लाख ३३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभई कायम व्यहोराहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २० (बिस) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# आठराई गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं. १ मा अवस्थित यो गाउँपालिका तेह्रथुम जिल्लामा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६,०२५,५२३।४० | १ | चालू खर्च (समानिकरण) | | १७१,६४४,३३९।९० |
| | क) कार्यालयको मौज्दात | ६,००३,५२३।४० | | | क) गाँउपालिका चालू | १९,६४०,१३८।६० | |
| | ख)धरौटी | २२,०००।०० | | | ख) शसर्त अनुदान | १५२,००४,२०१।३० | |
| | जम्मा जिम्मेवारी | ६,०२५,५२३।४० | | | जम्मा | १७१,६४४,३३९।९० | |
| २ | राजश्व (आन्तरिक आय) | | ७६४,८०७।०० | २ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम चालू | | ३६९,६१९।९७ |
| ३ | संघिय सरकारवाट प्राप्त अनुदान | | ३३४,७९८,०००।०० | ३ | गरिबसंग विश्वेश्वर | | ८५८,०००।०० |
| | क) वित्तिय समानिकरण अनुदान | १६९,२७१,०००।०० | | ४ | सामाजिक सूरक्षा | | ३३,६१०,०००।०० |
| | ख) सशर्त अनुदान | १६५,५२७,०००।०० | | ५ | प्रदेश सरकार | | ८००,०००।०० |
| | जम्मा | ३३४,७९८,०००।०० | | | पूजिगत खर्च | | |
| ४ | सामाजिक सूरक्षा | | ३४,०३४,०००।०० | ६ | वित्तिय समानिकरण पूजिगत | | १३१,४९०,७१५।०० |
| ५ | स्थानिय शासन तथा सामूदायिक शासन कार्यक्रम ३६९८१९४ | | ६००,०००।०० | ७ | स्थानिय शासन तथा सामूदायिक विकास कार्यक्रम पूजिगत | | ४९८,४००।०० |
| ६ | स्थानिय शासन तथा सामूदायिक शासन कार्यक्रम ३६९८१९३ | | ६४०,०००।०० | ८ | कन्टीन्जेन्सी खर्च | | १,१०६,७४४।०० |
| ७ | गरिबसंग विश्वेश्वर | | ८५८,०००।०० | ९ | सडक बोर्ड | | ०।०० |
| ८ | सडक बोर्ड नेपाल | | ६०,०००।०० | १० | धरौटी फिर्ता | | ०।०० |
| ९ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १,०००,०००।०० | ११ | आन्तरिक आय खर्च | | ०।०० |
| १० | कर्मचारी कल्याण कोष | | १५२,४८८।८० | १२ | राजश्व दाखिला | | ३,३९०।०० |
| १२ | धरौटी | | ६८,६००।०० | १३ | गत बर्षको मौज्दात खर्च | | ०।०० |
| १३ | बेरुजू | | ३,३९०।०० | १४ | कर्मचारी कल्याण कोष | | ०।०० |
| १४ | कन्टीन्जेन्सी | | ३,५९९,९५६।०० | | कूल खर्च (१ देखी १४ सम्म) | | ३४०,३८१,२०८।८७ |
| | | | | | मौज्दात | | ४२,२२३,५५६।३३ |
| | | | | | १) सडक बोर्ड | ६०,०००।०० | |
| | | | | | २) प्रदेश सरकार | २००,०००।०० | |
| | | | | | ३) शसर्त अनुदान | १३,५२२,७९८।७० | |
| | | | | | ४) आन्तरिक आय | ७६४,८०७।०० | |
| | | | | | ५) वित्तिय समानिकरण | १८,१४०,१४६।४० | |
| | | | | | ६) स्थानिय शासन तथा सामूदायिक शासन कार्यक्रम चालू | २७०,३८०।०३ | |
| | | | | | ७) स्थानिय शासन तथा सामूदायिक शासन कार्याक्रम पूजिगत | १०१,६००।०० | |
| | | | | | ८) सामाजिक सूरक्षा | ४२४,०००।०० | |
| | | | | | ९)कर्मचारी कल्याण कोष | १५२,४८८।८० | |
| | | | | | १०)धरौटी | ९०,६००।०० | |
| | | | | | ११)कन्टीन्जेन्सी मौज्दात | २,४९३,२१२।०० | |
| | | | | | १२) गत बर्षको बांकी | ६,००३,५२३।४० | |
| | | | | | जम्मा मौज्दात | ४२,२२३,५५६।३३ | |
| | कुल जम्मा | | ३८२,६०४,७६५।२० | | कुल जम्मा | | ३८२,६०४,७६५।२० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयमा ल्याएको पाइएन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाहरुको पालना नगर्दा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।<br>➥ निजामती सेवा ऐन २०४९ को दफा ५(क) अनुसार प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको,<br>➥ आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम जिन्सी खाता अध्यावधिक नगरेको तथा जिन्सी किताब कार्यालय प्रमुख वा तोकेको कर्मचारीबाट प्रमाणीत गराई अध्यावधिक नराखेको ।<br>➥ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४(१) अनुसार घर जग्गाको लगत नराखेको,<br>➥ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(४) अनुसार पुराना मालसामानको मूल्य आंशिक रुपमा मात्र खुलाएको ।<br>➥ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० अनुसार जिन्सी निरीक्षण नभएको,<br>➥ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५३ अनुसार जिन्सी सामानको बार्षिक प्रतिवेदन तयार नभएको,<br>➥ विभिन्न लक्षीत समुहबाट कार्यक्रम संचालन गर्दा आर्थिक कार्यविधि नियमावली २०६४ नियम ३६(५) बमोजिम खर्च भएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने प्रतिवेदन पेश नभएको,<br>➥ आर्थिक कार्यविधि नियमावली २०६४ नियम ३६(८) बमोजिम खर्च भएको सबै बील भरपाईहरुमा सिलसिलेबार नम्बर राखी भुक्तानी भएको जनाउने छाप लगाई प्रमाणीत नगरेको,<br>➥ वडा कार्यालयको लागी खरिद भएका खप्ने सामानहरु स्थानीय तहको मूल जिन्सी किताब बाट खर्च जनाएको । उक्त सामानहरु सहायक रजिस्टर मार्फत उपलब्ध गराउने नगरेको,<br>➥ भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता नराखेको,<br>➥ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) अनुसार जिन्सी मालसामानको लिलाम नभएको,<br>➥ राजस्व आम्दानीमा नगदी रसिद प्रयोग गरेकोमा नगदी रसिद नियन्त्रण खाता नराखेको,<br>➥ बार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन गरेको लिखित प्रतिवेदन लिने व्यवस्था नगरेको,<br>➥ जटिल प्रकृतीका निर्माण कार्य उपभोक्ता समितिबाट गराएको,<br>➥ जिन्सी सामानको पुर्ण स्पेशिफिकेशन खुलाई आम्दानी नगरेको । | |
| २. | **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाँउपालिकाले वित्तीय समानीकरण अन्तर्गत वार्षिक रु १३१,४९०,७१५.००को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः उक्त नियमावली बमोजिम खरिद योजना/गुरु योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| ३. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको कर्मचारी दरवन्दी स्वीकृत भएको पाइएन । जनशक्तिको अभावमा कार्यालयले कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर परेकोले दरबन्दी स्वीकृत गरी पदपुर्ति गरिनुपर्दछ । | |
| ४. | **आन्तरिक ऋण :** स्थानयि सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तर पालिकाले यो वर्ष स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कुनै किसिमको ऋण लिएको देखिदैन । | |
| ५. | **स्थानीय तथ्याङ्क र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यस्थापन गर्न जरुरी छ । | |
| ६. | **उपभोक्ता समितिको छनौट :-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७४ (१) मा सार्वजनिक खरिद गर्ने सम्बन्धमा पालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्ने, दफा ७( २) मा ऐनको अधिनमा रही गाउँपालिको सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था छ । हाल स्थानीय तहको सार्वजनिक खरिद ऐन नबनेको अवस्थामा साविकको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही सार्वजनिक खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने, ९७(२) बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन गराउने र नियम ९७(३) मा सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने गरी सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ ।<br>गाँउपालिकाले भवन निर्माण कार्य, सडकको मेशिनद्वारा ट्र्याक खोल्ने कार्य, लक्षित समूहको भवन निर्माण तथा विद्युतीकरण गर्ने जटिल प्रकृतिका कार्य समेत उपभोक्ता समिति मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत काम गराउँदा नियमानुसार सूचना प्रकाशित गरेको छैन । निर्माण सामाग्री ठूलो मात्रामा लाग्ने, जटिल प्रकृतिको कार्य सम्पन्न भएपछि स्थानिय उपभोक्ता समितिलाई हस्तान्तरण गरी संचालन वा मर्मत सम्भार गर्न असहज हुने प्रकृतिको कार्यमा उपभोक्ता समितिको सहभागिताले निर्माण कार्यलाई प्रभावकारी वनाउन नसक्ने देखिएकोले उपभोक्ता समितिबाट सहज रुपमा हुन सक्ने कार्यमा मात्र समिति मार्फत कार्य संचालन गर्नुपर्दछ । निर्माण कार्यको समय, लागत र गुणस्तरमा प्रभावकारीताको लागि उपभोक्ता समिति वा लाभग्राही समुह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| ७. | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप, मोटरसाइकल लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ८. | **विद्युतिय लेखा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सबै गाँउपालिकाले सव नेशनल ट्रिजरी रेगुलेटोरी एप्लिकेशन (सुत्र) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले आ.व. २०७४।७५ मा SUTRA प्रयोग गरी लेखा राखेको पाइएन । लेखा अद्यावधिक गरी लेखा सूचना प्रणाली चुस्त दुरुस्त र छरितो बनाउन सुत्रको पूर्ण रुपमा प्रयोग गरिनु पर्दछ । | |
| ९. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता | |

| | | |
|---|---|---|
| | २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाइल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । आफ्नो कार्यालय भित्र रहेका स्वास्थ्य शाखा, कृषि शाखा तथा पशु शाखा लगायतको लागि खरिद भएका खर्च नहुने जिन्सी समानहरु पनि गाँउपालिकाको जिन्सी सम्पत्तिको मुल अभिलेखमा आम्दानी जनाई शाखागत रुपमा सहायक लेजर राखी अभिलेख राख्नुपर्नेमा सो बमोजिम भए गरेको नपाइएकोले गाँउपालिका भित्र रहेका सम्पूर्ण विषयगत शाखा र वडा कार्यालयहरु समेतमा रहेका जिन्सी सम्पत्तिहरुको अद्यावधिक अभिलेखीकरण गरी सम्पत्तिको संरक्षण गर्नुपर्ने देखिन्छ । साथै यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक तथा प्रमाणीत गर्नुपर्दछ । | |
| १०. | **तलवी प्रतिवेदन :-** निजामती सेवा ऐन, २०४९ मा जिल्ला स्थित निजामती कर्मचारीलाई कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तथा स्वास्थ्य सेवा ऐन वमोजिम स्वास्थ्य सेवाका कर्मचारीहरुको तलबी प्रतिवेदन पास गराएर मात्र तलब भत्ता खर्च लेख्नु पर्नेमा गाँउपालिकाले यस बर्ष कर्मचारीको तलबी प्रतिवेदन पास नगरी तलब भत्ता खर्च लेखेको देखियो । तलबी प्रतिवेदन पास नगरी भुक्तानी गरेको ग्रेड रकम एकिन गर्ने आधार भएन । | |
| ११. | **लक्ष्य प्रगतिको स्थिति**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा चौमासिक अवधि सम्पन्न भएको १५ दिनभित्र कार्यपालिका समक्ष चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेका अधिकांश आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । | |
| १२. | **गत बर्षको मौज्दात :-** गत बर्षको महालेखा परीक्षकको प्रतिवेदनमा रु. ५९,८७,०००.०० बाँकी मौज्दात देखिएकोमा कार्यालयले यो बर्ष गत बर्षको रकम रु. ६,०२५,५२३.४० जिम्मेवारी सारेको देखियो । बढि रकम जिम्मेवारी सारेको रु. १६,५२३.४० को सम्बन्धमा हिसाब मिलान हुनुपर्ने रु. | १६,५२३.४० |
| १३. | **बैंक मौज्दात :-** कार्यालयबाट प्राप्त आर्थिक बर्ष २०७४।७५ को एकिकृत आर्थिक विवरण अनुसार आर्थिक बर्षको अन्तमा रु. ४,२२,२३,५५६.३३ श्रेष्ता अनुसार बैंक मौज्दात रहेको देखिएको छ । उक्त मौज्दातको बैंक स्टेट्मेन्ट पेश नभएकोले मौज्दात भिडान गर्न सकिएन । मौज्दातको बैंक स्टेटमेन्ट पेश हुनु पर्दछ । रु. | ४२,२२३,५५६.३३ |
| १४. | **बुकी खानेपानी आयोजना (डिप बोरीङ्ग) :-** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २(६) मा नेपाल सरकारको ऋण वा अनुदानमा संचालीत संस्था पनि सार्वजनिक निकायको रुपमा परिभाषा गरिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैया भन्दा बढि लागत अनुमान भएको मालसामान खरिद वा निर्माण कार्य गराउदा बोलपत्र अह्वान गरेर खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बुकी खानेपानी आयोजनामा डिप बोडिङ्गको काम उपभोक्ता समितिबाट गराई रु. ३,०००,०००.०० बजेट खर्च लेखेको मध्ये रु. १२०,०००‍०० कन्टिन्जेन्सी कट्टा गरी रु. २८८०,०००.०० भुक्तानी गरेकोमा निम्न बमोजिम भएको देखियो । | |
| १४.१. | कार्यालयले भूमीगत सिंचाई विकास डिभिजन कार्यालय मोरङले तयार गरेको लागत अनुमानको आधारमा यस आयोजनाको लागत अनुमान रु. २,९०१,०२८.०० स्वीकृत गरी उपभोक्ता समितिलाई कार्य आदेश गरेको छ । बोरिङको ड्रिलिङ कार्यको नर्मस तथा लागतको आधार पेश नभएकोले बास्तविक लागत यकिन हुन सकेन । | |
| १४.२. | उक्त निर्माण कार्य गर्न उपभोक्ता समितिसँग भएको सम्झौतामा रहेका सबै व्यहोराहरु समावेश नभएकोले लागत अनुमान मध्ये कार्यालयले व्यहोर्ने रकम र समितिले व्यहोर्ने रकम समेत खुलेको देखिएन यसले गर्दा कार्यालयले व्यहोरेको रकमको एकिन भएको छैन । | |
| १४.३. | समितिले उल्लेखित प्रावधान अनुसार प्रतिस्पर्धात्मक तरिकाले कार्य नगराई सोझै क्रिष्टल ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. बाट कार्य गराएकोले ऐन नियमको पालना गरेको देखिएन । | |
| १४.४. | डिप बोरिङको कार्यको लागत अनुमान रु. २,९०१,०२७.०० भएकोमा रु. २,९२०,५९८.०० को कार्य गराई भुक्तानी भएकोले बढि खर्च लेखेको रु. | १९,५७१.०० |
| १४.५. | मुल्य अभिवृद्धि कर ऐन, २०५२ मा स्वीकृत ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । क्रिष्टल ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्रा.ली.ले हातले सि.नं. उल्लेख गरेको विजकबाट मुल्य अभिवृद्धि रु ३१४,९७१ समेत रु.२,७३०,८६९.०० को मूल्य अभिवृद्धि कर बिल पेश नगरेकोले मु.अ.कर समायोजनको पत्र पेश हुनुपर्दछ । रु. | ३१४,९७१.०० |
| १४.६. | सोही प्रा.ली लाई मोबिलाइजेसन तथा डिमोविलाइजेसन बापतको रु. १८९,७२८.०० सामान्य भर्पाइको | |

<table>
<tr><td></td><td>आधारमा भुक्तानी गरेको देखियो । उक्त रकम समेतको मुल्य अभिवृद्धि कर विजक समावेश नभएकोले सो मा लागेको मुल्य अभिवृद्धि कर रु. २४,६६५.०० समेत विजकमा समावेश हुनुपर्ने अन्यथा विजक बेगरको खर्च असूल गर्नुपर्दछ । रु.</td><td>१८९,७२८.००</td></tr>
<tr><td>१४.७.</td><td>भौचर साथ ड्रिलिङ कम्पनिको रु. २,९२०,५९७.०० को मात्र भर्पाई समेतको बील प्राप्त गरेकोमा रु.३,०००,०००.०० बजेट खर्च गरेकोले बढि खर्च रु. ७९,४०३.०० खर्च नभएको रकम असूल गर्नुपर्ने रु.</td><td>७९,४०३.००</td></tr>
<tr><td>१५.</td><td>१३२-२०७५।०३।९५<br>कर विजक वेगर भुक्तानी :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा बीस हजार रुपैया भन्दा बढि रकम भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालय बाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । लालिगुराँस बहुप्राविधिक शिक्षालय प्रा.लि. लाई ३ महिने विद्युतिकरण तालीममा १२ जनाको र ३ महिने सिलाई कटाई तालीममा ९२ जनाको लागि रु. १,०००,०००.०० भुक्तानी गरेकोमा प्रा.लि. को विजक बेगर भुक्तानी दिएकोले नियमित देखिएन रु.</td><td>१,०००,०००.००</td></tr>
<tr><td>१६.</td><td>४२२-२०७५।०३।२९<br>अनुपातिक कट्टि :- महेन्द्र मा.वि. खेल मैदान निर्माणको लागत अनुमान रु. २,७८३,४५०.०० को कार्यमा रु. २,४००,०००.०० कार्यालयले व्यहोर्ने र बाँकी ३८३,४००.०० उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएको छ । संलग्न निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा रु. २,६९०,३१२.०० को मात्र कार्य सम्पन्न भएकोले सम्झौता अनुसार अनुपातिक हिसावले (८६.२२ प्रतिशत) कार्यालयबाट समितिलाई रु. २,३१९,६९३.०० मात्र भुक्तानी गर्नुपर्नेमा रु. २,३९८,२१०.०० भुक्तानी गरेकोले बढि भुक्तानी भएको रु. ७८,५१७.०० असूल गर्नुपर्ने रु.</td><td>७८,५१७.००</td></tr>
<tr><td>१७.</td><td>४२९-२०७५।०३।२९<br>पाइपको उपयोग :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कल्सेखोला खानेपानी आयोजनामा उपभोक्ता समितिले रु. ५४२,२०२.०० को HDPE Pipe खरिद गरेको बीलको आधारमा कार्यालयले रु. ३००,०००.०० भुक्तानी गरेको छ । खरिद भएको पाइप खानेपानी आयोजनामा उपयोग गरेको नदेखिएकोले बास्तविकता यकिन गरी सम्बन्धित कार्यमा उपयोग गरेको प्रमाण पेश हुनुपर्दछ । रु.</td><td>३००,०००.००</td></tr>
<tr><td>१८.</td><td>४३१-२०७५।०३।३२<br>पाइपको उपयोग :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । सहकारी खेति साना सिंचाई तथा मल बीउ ढुवानी कार्यक्रम अन्तर्गत ताजा तरकारी उत्पादनको लागि २६ वटा पानी पोखरी निर्माण समेतको लागि निम्न सामान खरिद गरी प्रा.स. जिवन ठाडाको पेश्की रु. ७९८,५००.०० फछ्र्यौट गरी बजेट खर्च लेखेकोमा खरिद सामान तोकिएको कार्यमा उपयोग गरेको प्रमाण संलग्न छैन । उपयोगको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>सामानको नाम</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>सिल्पोलिन प्लाष्टिक (१२×१०)</td><td>६ थान</td><td>४१६,०००.००</td></tr>
<tr><td>२.</td><td>सल्पोलिन प्लाष्टिक (१०×८)</td><td>१० थान</td><td>१५०,०००.००</td></tr>
<tr><td>३.</td><td>त्रिपाल</td><td>४५ थान</td><td>८१,०००.००</td></tr>
<tr><td>४.</td><td>स्पेयर ट्यांकी</td><td>१५ थान</td><td>६०,०००.००</td></tr>
<tr><td>५.</td><td>एच.डि.पि. पाइप</td><td>७५ मिटर</td><td>४,२७५.००</td></tr>
<tr><td>६.</td><td>एच.डि.पि. पाइप</td><td>१४३५ मी. (२० एम.एम.)</td><td>५५,०८३.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७६६,३५८.००</td></tr>
</table></td><td>७६६,३५८.००</td></tr>
<tr><td>१९.</td><td>तालिम संचालन : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा स्वीकृत बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । विपिन्न वर्गलाई २ महिना कम्प्युटर तालीम बापत आठराई कम्प्युटर इन्स्टिच्यूट सक्रान्तिबजारलाई रु. ४९९,०००.०० भुक्तानी गरी खर्च लेखिएकोमा संलग्न भौचरमा तालीममा सहभागी हुनेहरुको हाजिरी नभएकोले तालिम संचालन भएको प्रमाणित हुन नसकेको रु.</td><td>४९९,०००.००</td></tr>
<tr><td>२०.</td><td>जिन्सी दाखिला :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरिएको सामान जिन्सी आम्दानी बाध्नुपर्ने व्यवस्था छ । विभिन्न संस्थाको लागि खरिद गरेका निम्नानुसारका जिन्सी मालसामनहरु सम्बन्धित संस्थाको जिन्सी किताबमा आम्दानी गरेको प्रमाण बेगर कार्यालयले ति सामानको मुल्य भुक्तानी गरेको देखियो । उल्लेखित नियमानुसार दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि</th><th>गो.भौ.नं. र मिति</th><th>संस्थाको नाम</th><th>मालसामानको विवरण</th><th>भुक्तानी</th></tr>
</table></td><td>५,८०४,४६०.००</td></tr>
</table>

| .नं | | | | |
|---|---|---|---|---|
| १. | १९-२०७५/११/११ | खेलकुद विकास समिति छातेढुंगा | खेलकुदका सामान | ४८४,५००.०० |
| २. | ७४-२०७५/०२/२१ | थोक्लुङ चर्च | फर्निचर | २५,०००.०० |
| ३. | ७५-२०७५/०२/२१ | संक्रान्तिबजार श्रोत केन्द्र त्रिमोहन उ.मा.वि. | प्रोजेक्टर, कुर्सी, दराज, टेबल, फोटोकपी मेशिन, आदि | २५०,०००.०० |
| ४. | १४४-२०७५/०३/०१ | कार्यालय | सोलार ब्याट्री खरिद | ५०,०००.०० |
| ५. | १२५-२०७५/०३/१३ | आदिवासी जनजाती भाषा संस्कृति प्रवद्धन कार्यक्रम संचालन | मादल, पुस्तक, बक्खु आदि | ९५,७५०.०० |
| ६. | १४७-२०७५/०३/१९ | आठराई संयुक्त युवा क्लब | खेलकुद सामाग्री | १९५,२५०.०० |
| ७. | १९१-२०७५/०३/२६ | बचत तथा ऋण सहकारी संघ लि., तेह्रथुम | प्रिन्टर, कम्प्यूटर, दराज, टेबुल लागयत समाग्री | ९९,५००.०० |
| ८. | २९६-२०७५/०३/२७ | मदन भण्डारी अध्ययन केन्द्र पुस्तकालय स्थापना व्यवस्थापन | पूस्तक, कम्प्यूटर, ल्याप्टप, सोफा, दराज, टेबुल लगायत सामाग्री | १,५००,०००.०० |
| ९. | २९७-२०७५/०३/२७ | उद्योग बाणिज्य संघ, सक्रान्तिबजार | पोजेक्टर, ल्याप्टप, सोफा, टेबुल, दराज, रिभल्विङ्ग चियर, रोस्टम लगायत समाग्री | ७००,०००.०० |
| १०. | ३१५-२०७५/०३/२७ | अदुवा पकेट संचालक समिति | ढक, तराजु, स्पेयर, कोदालो, हजारी, पाइप, बाटा लगायत सामाग्री | ४३३,०००.०० |
| ११. | ३४१-२०७५/०३/२८ | लक्ष्मी मा.वि., आठराई | चियर, टेबुल, डेक्स, बेन्च लगायत सामाग्री | ९९,७३०.०० |
| १२. | ३४४-२०७५/०३/२८ | म्याङलुङ्ग क्याम्पस, म्याङलुङ्ग | टेबुल, रिभल्विङ्ग चियर, सोफा टेबुल प्लाष्टिक कुर्सि लगायत सामाग्री | ३००,०००.०० |
| १३. | ३५०-२०७५/०३/२८ | सरस्वती मा.वि. | डेक्स, बेन्च | ९९,४४०.०० |
| १४. | ३६२-२०७५/०३/२८ | प्रणमी मा.वि. | सोलार ब्याट्री डेक्स, बेन्च लगायत सामाग्री | २५०,०००.०० |
| १५. | ४२०-२०७५/०३/२९ | ४ नम्बर वडा कार्यालय ( गाउँपालिकामा) | सिरक, डस्ना, प्रिन्टर, कम्प्यूटर, ल्याप्टप, एन्टिभाइरस, डिस्पेन्सर लगायत समाग्री | ३६७,०४५.०० |
| १६. | ३४८-२०७५/०३/२८ | आदिवासी जनजाती समाज नेपाल | पुस्तक, फुटबल, झोला लगायत सामाग्री | ५०५,२४५.०० |
| १७. | १९९-२०७५/०३/२२ | यूथ स्पेरिङ्ग राइज सर्भिस | खेल सामाग्री | १००,०००.०० |
| १८. | २१२-२०७५/०३/२४ | प्रहरी कार्यालय चुहानडाँडा | कार्यालय व्यवस्थापन फर्निचर खरिद | २०,०००.०० |
| १९. | २२०-२०७५/०३/२४ | कञ्चनजंगा बचत तथा ऋण सहकारी कार्यालय | | ४०,०००.०० |
| २०. | २३२-२०७५/०३/२९ | लिम्बु जाती सांस्कृतिक संवर्द्धन | ढोल बाजा खरिद | ७०,०००.०० |
| २१. | २४८-२०७५/०३/२९ | गौरी शंकर कृषि सहकारी संस्था | कार्यालय व्यवस्थापन टेबुल, कुर्सि | ६०,०००.०० |
| २२. | ३८१-२०७५/०३/२९ | पञ्चकन्या आधारभुत विद्यालय | फर्निचर निर्माण | ६०,०००.०० |
| **जम्मा** | | | | **५,८०४,४६०.००** |

२१. **खरिद भएका सामाग्री प्रयोग हुनुपर्ने :-** खरिद भएका निर्माण समाग्री प्रयोग भएको हुनुपर्दछ साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) बमोजिम बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार कार्य गर्दा रु. ६४४,८४६.०० को खरिद गरिएका सामाग्रीहरु प्रयोग भएको नदेखिएकोले प्रयोग गरेको प्राविधिक पुष्ट्याई पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असूल गरि राजस्व दाखिला गर्नुपर्ने देखिएको रु. ६४४,८४६.००

| सि.नं. | गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|---|
| १. | ३५७-२०७५/०३/२८ | ३ नम्बर वडामा संचालित खानेपानी आयोजनाको लागी पाइप खरिद उपभोक्ता समिति | HDPEपाइप विभिन्न साइजको ६१०० मिटर | २७५,५५१.० |
| २. | ३६१-२०७५/०३/२८ | त्रिवेणी तल्लो पिप्ले आलु खरिद मर्साङबारी राकागाउँ खानेपानी पाइप खरिद उ.स. | HDPE पाइप २ साइजको ४४१५ मिटर खरिद मध्ये ५६० मिटर मात्र प्रयोग नभएकोले बाकी ३८५५ मिटर प्रयोग हुनुपर्ने | १३८,६२५.० |

| | | | | |
|---|---|---|---|---|
| ३. | ३६४-२०७५/०३/२८ | खानेपानी योजना मर्मत तथा पाइप खरिद साविक खाम्लालुङ्ग गा.वि.स. का सबै वडाहरुमा उपभोक्ता समिती | HDPEपाइप विभिन्न साइजको ६५०० मिटर खरिद गरेकोमा ५५० मिटर मात्र प्रयोग भएकोले बाँकी ५९५० मिटर प्रयोग हुनुपर्ने | २३०,६७०.० |
| | | | **जम्मा** | ६४४,८४६ |

२२. **जिन्सी मालसामान :-**खरिद गरिएका खर्च भई नजाने प्रकृतिका सामान जिन्सी किताबमा आम्दानी बाँधी तुरुन्तै विभिन्न कार्यालयमा पठाएको भनि खर्च जनाएको देखियो । खर्च भई नजाने त्यस्ता सामान कार्यालयको मुल जिन्सी किताबबाट खर्च नजनाई सहायक रजिष्टरको माध्यमबाट अन्य व्यक्ति वा निकायमा उपयोग गर्न सकिने अवस्था रहेकोले मुल जिन्सी खाताबाट नै खर्च लेखिएकोले हराउने वा नोक्सानी हुने अवस्था देखिएको छ । पुन: आम्दानी बाँकी नियमानुसार त्यस्ता सामानको उपयोग गरिनुपर्दछ रु. २,९९६,३०८.००

| **सि.नं.** | **गो.भौ.नं. र मिति** | **सामानको विवरण** | **रकम** |
|---|---|---|---|
| १. | ३३-२०७४/१२/२७ | फर्निचर (टेबल, कुर्सी, दराज आदि) | १,३९९,१६६.०० |
| २. | १०९क-२०७५/०३/०४ | प्रिन्टर, इन्भर्टर, ब्याट्री आदि | १,५९७,१४२.०० |
| **जम्मा** | | | **२,९९६,३०८.००** |

२३. **नापी किताब :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाच गरी नापि किताबमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा बिल वा विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसारको कार्य गरी रु. १,८००,०००.०० भुक्तानी गरेकोमा खर्चका साथ प्राविधिक पुष्ट्याई गर्ने कागजात नापी किताब, कार्य सम्पन्न प्रतिवेदन संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने देखिएको रु. १८००,०००.००

| **सि.नं.** | **गो.भौ.नं. र मिति** | **फर्मको नाम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|---|
| १. | ३२५-२०७५/०३/२७ | उन्नत बाखा पालन फर्म, आठराई | खोर निर्माण | ५०,०००.०० |
| २. | ३२६-२०७५/०३/२७ | ठुला बरझांङ बाखा फर्म | खोर निर्माण | ५०,०००.०० |
| ३. | ३४७-२०७५/०३/२८ | काकाटोल र पानसुब्बे खानेपानी निर्माण योजना | फ्लोरो सिमेन्ट टयाङक निर्माण | ४००,०००.०० |
| ४. | ३४९-२०७५/०३/२८ | कुटुडाँडा खानेपानी ट्याङकी निर्माण | फ्लोरो ट्याङकी निर्माण | ३००,०००.०० |
| ५. | ३५२-२०७५/०३/२८ | पुरानागाउँ खानेपानी आयोजना निर्माण | फ्लोरो ट्याङकी | १,०००,०००.०० |
| **जम्मा** | | | | **१,८००,०००.००** |

२४. **बढि भुक्तानी - ४०६-२०७५।०३।२९ :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम खर्च गर्दा रित पुगे नपुगेको जाच गरी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले Khamlalung ko khungring- Thuklung Chauhan danda Chhatedhunga Ring Road कार्यको Detail Engineering Survey, Design and Drawings २६० कि.मी कार्य गर्नका लागि प्रति कि.मी.रु ५७,५००.०० का दरले Inclusive-EERC J/V लाई दिई रु. १,४९५,०००.०० भुक्तानी गरेकोमा उक्त फर्मले २२.२२८ कि.मी मात्र कार्य गरेकोले ३.७७२ कि.मि. को रु. २१६,८९०.०० बढि भुक्तानी भएको छ । अत बढि भुक्तानी भएको रकम सम्बन्धित फर्मबाट असूल गरी राजश्व दाखिला गनुपर्ने रु. २१६,८९०.००

२५. **बिल भरपाई बेगर खर्च लेखेको :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विलभरपाई सहित लेखाराख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार बिल भरपाई बेगर भुक्तानी दिएकोले बिल भरपाई पेश हुनु पर्ने अन्यथा असूल गरी राजस्व दाखीला गर्नु पर्ने रु. ६३०,०००.००

| **सि.नं.** | **गो.भौ.नं. र मिति** | **कामको विवरण** | **भुक्तानी** |
|---|---|---|---|
| १. | १०७-२०७५/०३/०१ | भगवती मा.वि. खेलमैदान निर्माण | ४५०,०००.०० |
| २. | १०६-२०७५/०३/०१ | मेहेले मुहान-थोक्लुंङ सडक | १८०,०००.०० |
| **जम्मा** | | | **६३०,०००.००** |

२६. **उपभोक्ता समितिले अन्य निर्माण व्यवसायीबाट काम गराई भुक्तानी लिएको :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन सकिने छैन । कुनै कारणवस सो समितिले आफैले समयमा सो काम

सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी समिति सँग भएको सम्झौता तोडी बाँकी काम ऐन वा यस नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था छ । कार्यालयले सम्पूर्ण निर्माण कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता गरेको भएता पनि सबै समितिले आफूले पाएको काम निर्माण व्यवसायीबाट गराएको देखियो । यसरी काम गर्दा उल्लेखित व्यवस्था अनुसार सम्झौता तोडी ऐन नियम वमोजिम कार्य नगराई निर्माण व्यवसायीले गरेको कामको आधारमा निर्माण कार्य वापतको रकम समितिलाई भुक्तानी गरेको देखियो । ऐन नियमको पालनामा ध्यान दिनुपर्दछ । यस सम्बन्धि केही उदाहरणहरु देहाय अनुसार छ :

| सि.नं. | गो.भौ.नं. र मिति | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीलाई भुक्तानी रकम | उपभोक्ता समितिलाई भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १. | १६-२०७४/११/११ | सक्रान्तिबजार -हिउदिया दोभान इवा कालिया | जि.एन पाँचथर कन्स्ट्रक्सन | २२१,५००.०० | ७६८,०००.०० |
| २. | १७-२०७४/११/११ | थोक्लुङ-पिप्ले-इसिबु | केजि निर्माण सेवा कं.प्रा.लि. | ४४०,४९९.०० | १,३४४,०००.०० |
| ३. | १८-२०७४/११/११ | छाते ढुङ्गा मोटर बाटो | जि.एन पाँचथर कन्स्ट्रक्सन | १५०,०००.०० | ५७६,०००.०० |
| ४. | २६-२०७४/१२/०७ | संक्रान्तिबजार वडा कार्यालय | जि.एन पाँचथर कन्स्ट्रक्सन | १६७,०००.०० | ५७६,०००.०० |
| ५. | ६५-२०७५/०२/२० | कपिल डाँडा प्रसाई गाँउ सडक | ह्यात्रुङ्ग झरना कन्स्ट्रक्सन | ७९३,७००.०० | ६७२,०००.०० |
| ६. | ८४-२०७५/०२/२३ | नेवार डाँडा शिव प्रा.वि. खरेबोट दोभान सडक | अधिकारी निर्माण सेवा | १,१२८,५००.०० | ९६०,०००.०० |
| ७. | ९५-२०७५/०२/३१ | सिमल डाँडा पिनासी सडक | अधिकारी निर्माण सेवा | ९५१,४९९.०० | ३८४,०००.०० |
| ८. | १४१-२०७५/०३/१९ | चुहान डाँडा सडक | देउमाई जे.सी.बी. सेवा | ५६६,७४७.०० | ५१०,९००.०० |
| ९. | १६२-२०७५/०३/२० | सुपारे दाहाल गाँउ सडक | स्पेशल कम्पनी प्रा.लि | ७२५,०००.०० | ६५०,०००.०० |

२७. **नर्म्स तथा दर विश्लेशण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्मस बमोजिम दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्माण कार्यको बास्तविक दररेट निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।

२७.१. यस कार्यालयले सडक निर्माण कार्यमा मोरङ जिल्लाले तयार गरेको मेशिनबाट सडक खन्ने कार्यको दर विश्लेषण गरी निम्नानुसार प्रति घन मिटर राखेको देखियो। संलग्न दर विश्लेषणमा सम्पूर्ण कार्य मेशिनबाट गर्ने गरी दर कायम गरेको उल्लेख छ । मेशिनबाट मात्रै सम्पूर्ण कार्य गर्दा नर्म्स बमोजिम प्रति घन मिटर निम्नानुसारको दर हुनेमा बढि दरमा लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी भएको छ । मेशिनबाट गर्दा कार्यालयले उल्लेख गरेको दर भन्दा निम्नानुसार कम हुने देखिएको छ । अनुसुचिक संलग्न छ ।

| कामको विवरण | नर्म्स अनुसार हुने दर (प्रति घ.मी.) | लागत अनुमानको दर (प्रति घ.मी.) | बढि दर (प्रति घ.मी.) |
|---|---|---|---|
| साधारण माटो काट्ने कार्य (OS) | ३३.८२ | ७८.१६ | ४४.३४ |
| कडा माटो काट्ने कार्य (HS) | ४०.६५ | १०१.९५ | ६०.५० |
| साधारण चट्टान काट्ने कार्य (OR) | ५५.९३ | ३०४.६० | २४८.६७ |
| मध्यम चट्टान काट्ने कार्य (MR) | ७३.८२ | ४८२.७६ | ४०८.९४ |
| कडा चट्टान काट्ने कार्य (HR) | ७३.८२ | २१८३.९१ | २११०.१० |

उल्लेखित बढि दरको आधारमा निम्न बमोजिम बढि मुल्यांकन भई उपभोक्ता समितिलाई भुक्तानी गरकोले बास्तविकता यकिन गरी असूल फछ्यौंट गर्नुपर्दछ रु. २५१८४३२०.२१

| सि.नं. | भौ.नं. | आयोजनाको नाम | कामको परिमाण OS | HS | OR | MR | HR | बढि मुल्याङ्कन | मुल्यांकनमा समावेश मुल्य अभिवृद्धि कर | बढि लागत अनुमान | बढि भुक्तानी रकम (८५ प्रतिशतले) | बढि भुक्तानी मुल्य अभिवृद्धि कर (८५ प्रतिशतले) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | १८६ | वाइपु डाँडा सोभवा देउराली सडक | ४३२.०२ | ४७६.७७ | १८३.७७ | १७१.७७ | ०.०० | १६३९४२ | २८७७७ | १३५१६५ | ११४८९० | २४४६० |
| २. | १७८ | खैरेनी प्यागदोभान मोटरवाटो | ९७६.२४ | १४८३.६५ | ३८४.१९ | २५७.९३ | ०.०० | ३३४०६२ | ६१००७ | २७३०५४ | २३२०९६ | ५१८५६ |
| ३. | १७७ | सक्रान्तिबजार गुम्वाडाँडा हवाकु | ६४४.७९ | ८८०.८५ | ४१३.३० | ४४८.९५ | ५६.२२ | ४८६८८० | ७८७६१ | ४०८११९ | ३४६९०१ | ६६९४७ |
| ४. | १७६ | बगाले गुम्बा जाने बाटो | १६३६.८२ | २३७८.०७ | ९०८.३० | २८९.६१ | ०.०० | ५६०७५० | १०२३३२ | ४५८४१८ | ३८९६५५ | ८६९८२ |
| ५. | १८० | नारायण आ.वि. खेलमैदान निर्माण | २८९.२४ | २८९.२४ | ०.०० | ०.०० | ०.०० | ३०३२४ | ६७७५ | २३५४९ | २००१७ | ५७५८ |
| ६. | १७७ | सरस्वति आ.वि. खेलमैदान निर्माण | १५५३.२२ | १६३२.५६ | ४५९.६० | ०.०० | ०.०० | २८१९२८ | ५५६३८ | २२६२९० | १९२३४६ | ४७२९३ |
| ७. | १७३ | अहाले पहिरो नियन्त्रण साविक सक्रान्तिबजार | १८५.९१ | १४८.७३ | ३७.१८ | ०.०० | ०.०० | २६४८७ | ५३३४ | २११५३ | १७९८० | ४५३४ |
| ८. | १६९ | चिसापानी पिनासी घाट मोटर बाटो | ३८६९.३८ | ५२७१.२३ | ८४९.८९ | ४२९.२१ | ०.०० | ८७७३४१ | १६९८३३ | ७०७५०८ | ६०१३८२ | १४४३५८ |
| ९. | १७० | नेवारे झ्याम्टेवर फुगुवाखोला सडक | ८२७.३२ | ८९५.३३ | १५४.९० | १८०.२६ | ०.०० | २०३०८५ | ३७७३३ | १६५३५२ | १४०५४९ | ३२०७३ |
| १०. | १५६ | सुपारे बर्तैले मोटरबाटो | १४५.५४ | १५८.२४ | १२.९० | १.१२ | ०.०० | १९६९३ | ४१५९ | १५५३४ | १३२०४ | ३५३५ |
| ११. | १५७ | अड्कागाँउ भण्डारी चौतारा मोटरबाटो निर्माण | १५१०.२४ | २२२८.६३ | ३२१.६१ | २१०.१८ | ३.४५ | ३७५००२ | ७१८१५ | ३०३१८७ | २५७७०९ | ६१०४३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२. | १६१ | सुकेपोखरी खानीटार मोटरबाटो | ४१६.३० | ५७४.८८ | ३२९.२९ | ९६.२५ | ०.०० | १७४४८४ | ३०९४१ | १४३५४३ | १२२०११ | २६३०० | |
| | १३. | १६२ | सुपारे गैरी गाउँ हुदै दाहालगाउ मोटरबाटो | १९८७.०३ | २४७०.१७ | ५७५.१० | २९६.४६ | ०.०० | ५०१७९५ | ९४३४२ | ४०७४५२ | ३४६३३४ | ८०१९१ | |
| | १४. | १४६ | साविक चुहानडाडा १ मेटरबाटो | १५८९.८९ | २४३१.०५ | २०५.४६ | २७१.३५ | ०.०० | ३७९६३२ | ७३५६८ | ३०६०६४ | २६०१५५ | ६२५३३ | |
| | १५. | १३४ | श्री सरस्वति मा.वि. खेल मैदान | ४९१.४८ | ५८९.७७ | ३९३.१८ | ४९१.४८ | ०.०० | ३५६२३१ | ५९२४९ | २९६९८३ | २५२४३५ | ५०३६१ | |
| | १६. | १३६ | नामजाङ कुलोमुनी अमलाबाटो | ५८७.५२ | १४६.८८ | ०.०० | ०.०० | ०.०० | ३४९३७ | ७९१८ | २७०१९ | २२९६६ | ६७३१ | |
| | १७. | १३५ | कालबोटे इनद्र तामाङ मोटरबाटो | २००३.४० | २२९७.१५ | ५३०.७८ | २२८.९८ | ०.०० | ४५३४३६ | ८६२२२ | ३६७२१४ | ३१२१३२ | ७३२८९ | |
| | १८. | १४९ | लाम्चेबर ओकरबोटे मोटरबाटो | ७७.७९ | १२८.४१ | ३०.४६ | ०.०० | ०.०० | १८७९३ | ३७०० | १५०९३ | १२८२९ | ३१४५ | |
| | १९. | १४५ | मुलपानी आ.वि. तेमेरुङ पावरहाउस मोटरबाटो | ३११.६१ | १७७.१४ | ७०.४३ | ५०.२५ | ०.०० | ६२५९७ | ११४६१ | ५११३६ | ४३४६६ | ९७४२ | |
| | २०. | १३८ | साविक सक्रान्तिबजार-नुनियाखोला मोटरबाटो | १२११.६३ | १३४.६३ | ०.०० | ०.०० | ०.०० | ६१८६९ | १४०९८ | ४७७७० | ४०६०५ | ११९८४ | |
| | २१. | १३० | चिउरीपाखा दानाबारी चौतारो जोड्ने मोटरबाटो | ४३५.१८ | ४२९.४५ | ५७.८७ | ३२.७० | ०.०० | ७३०४० | १४४६२ | ५८५७८ | ४९७९१ | १२२९३ | |
| | २२. | १२७ | बारबोटे - हिउदीया दोभान मोटरबाटो | ९८०.३१ | ५४२.७९ | १२८.४८ | ३२.६३ | ०.०० | १२१५९९ | २४२९८ | ९७३०१ | ८२७०६ | २०६५३ | |
| | २३. | १०० | सिमल डाडा पिनासी मोटरबाटो | ६९६.३० | ५७२.७१ | ६०.४४ | ४२.७५ | ०.०० | ९८०३५ | १९७४८ | ७८२८६ | ६६५४३ | १६७८६ | |
| | २४. | ९८ | प्रणमी मा.वि. उप्रेतिपुल मोटरबाटो | १०५३.२६ | १४२१.४५ | २७६.७७ | ९१.७९ | ०.०० | २३९०६० | ४६२७९ | १९२७८२ | १६३८६४ | ३९३३७ | |
| | २५. | ९५ | मध्य पहाडी बाट सिमाढुङ हुदै केलिङ्ग जोड्ने बाटो | १३८१.३९ | १९६५.९० | १७३.३० | ४३०.१९ | ०.०० | ३९९२०४ | ७३९८० | ३२५२२४ | २७६४४० | ६२८८३ | |
| | २६. | ८४ | नेवारडाडा शिव प्रा.वि. खयर बोटे दोभान | ३३४२.९१ | ४२९७.९८ | ८९२.०१ | ३३२.८४ | ०.०० | ७६६१८० | १४७१९६ | ६१८९८४ | ५२६१३७ | १२५११६ | |
| | २७. | ५२ | भगवती मा.वी. खेल मैदान निर्माण योजना | २५८६.५८ | ११९८.९१ | ४११.१८ | ३१६.५४ | ०.०० | ४१८९१७ | ७८३४६ | ३४०५७१ | २८९४८५ | ६६५९४ | |
| | २८. | ७१ | डाडागाँउ पोखरी मोटर बाटो | १५८३.८६ | ७८७.४९ | ६७.३० | ०.०० | ०.०० | १३४६०७ | २९२०४ | १०५४०३ | ८९५९३ | २४८२३ | |
| | २९. | ७२ | कपिलडाडा प्रसाइगाँउ मंसाडबारी ढोडेनी मोटरबाटो | २३२५.७२ | २९६१.१९ | ४५८.५८ | ३५७.७७ | ०.०० | ५४२६१६ | १०३५२८ | ४३९०८८ | ३७३२२४ | ८७९९९ | |
| | ३०. | ३० | सक्रान्तिबजार गुम्बाडाँडा हवाकु मोटर बाटो | ६१३६.७९ | ७२१.९८ | ३६०.९९ | ०.०० | ०.०० | ४०५५५२ | ८६२३९ | ३१९३१३ | २७१४१६ | ७३३०४ | |
| | ३१. | २९ | कोया खोला खाम्लालुङ्ग सक्रान्तीबजार मोटरबाटो | ६०५१.९९ | ७१२.०० | ३५६.०० | ०.०० | ०.०० | ३९९९४८ | ८५०४८ | ३१४९०० | २६७६६५ | ७२२९१ | |
| | ३२. | १८ | छातेढुङ्गा मोटरबाटो | ४०९८.२२ | १५७६.२४ | ६३०.५० | ०.०० | ०.०० | ४३३८६४ | ८७५२६ | ३४६३३८ | २९४३८७ | ७४३९७ | |
| | ३३. | १७ | थोक्लुङ्ग पिप्ले कोयाखोला ईसिबु मोटरबाटो | ८६३७.२८ | ३१२९.७२ | १२७१.८९ | ०.०० | ०.०० | ८८८६०६ | १७९६६१ | ७०८९४५ | ६०२६०३ | १५२७१२ | |
| | ३४. | १६ | सक्रान्तीबजार ईवा हिउदिया दोभान र ईवा कालिपा मोटरबाटो | ८२६३.०२ | ९७२.१२ | ४८६.०६ | ०.०० | ०.०० | ५४६०६४ | ११६११९ | ४२९९४५ | ३६५४५३ | ९८७०१ | |
| | ३५. | २०१ | बागेश्वरी आपटार मोटरबाटो | १३१६.२७ | २२२२.३९ | ३०४.०२ | २२२.०३ | ०.०० | ३५९२१६ | ६८८२८ | २९०३८७ | २४६८२९ | ५८५०४ | |
| | ३६. | ३१३ | सक्रान्ति गुफेडाडा थोक्लुङ सिम्राह सडक | १८८३.७२ | २२७०.१२ | ४९९.३० | १३२.६२ | ०.०० | ३९९२६१ | ७७३५० | ३२१९११ | २७३६२४ | ६५७४८ | |
| | ३७. | २०२ | शितलपारी भदौरे मोटरबाटो | २४६०.३० | ४५८२.२० | १०७९.८५ | १०६०.६५ | ०.०० | १०८८५८१ | १९५१३२ | ८९३४४९ | ७५९४३२ | १६५८६२ | |
| | ३८. | २०४ | कोलमुनी डाँडाबारी सडक | ४४९.४९ | ३३४.६६ | १३५.७५ | ०.०० | ०.०० | ७३९३४ | १४३८३ | ५९५५१ | ५०६१८ | १२२२६ | |
| | ३९. | २१५ | ६ नम्बर वडास्तरिय रिडरोड स्तर उन्नती | २२९८.५० | २१३२.३५ | २९३.९९ | १८६.७२ | ०.०० | ३८०३८६ | ७५००२ | ३०५३८४ | २५९५७७ | ६३७५२ | |
| | ४०. | २१९ | छोटीबजार बाट खाम्लालुङ जोड्ने सडक | ६१८.८३ | ७८८.०३ | २०४.३८ | ७५.३८ | ०.०० | १५६७६४ | २९५६७ | १२७१९७ | १०८११७ | २५१३२ | |
| | ४१. | २२४ | कालिका आ.वि. खेल मैदान | २६९८.४३ | ४७०६.०३ | ९१०.२० | २८६.३५ | ०.०० | ७४७८०३ | १४३८५८ | ६०३९४४ | ५१३३५३ | १२२२७९ | |
| | ४२. | २२१ | आहालडाडा सिमखर्क मोटरबाटो | ८०९.५५ | ९०६.४५ | १४६.७० | ४२.३० | ०.०० | १४४५१४ | २८७१३ | ११५८०० | ९८४३० | २४४०६ | |
| | ४३. | २२० | बुढानिलकण्ठ चोक हुदै नासिबुङ सडक | २६६.५१ | २७३.०५ | ३४.९५ | ०.०० | ०.०० | ३७०२८ | ७७१३ | २९३१४ | २४९१७ | ६५५६ | |
| | ४४. | २३२ | चुहानडाँडा ८ को खेलमैदानको लागि | ९३६.८३ | १२२३.९३ | ५७.६० | २८.८० | ०.०० | १४१६८८ | २९८३९ | १११८४९ | ९५०७१ | २५३६३ | |
| | ४५. | २२४ | जुरे प्रावि कोयाखोला मोटरबाटो | ५५४.२० | ४४७.०२ | ४७.१८ | २२.९६ | ०.०० | ७२७३९ | १४८७० | ५७८७० | ४९१८९ | १२६३९ | |
| | ४६. | २३९ | वाइफुङडाडा मसानघाट सडक | ७७६.२४ | ८५७.५५ | २३०.८० | १८.५७ | ०.०० | १५१२८७ | २९५६८ | १२१७१९ | १०३४६१ | २५१३३ | |
| | ४७. | २४२ | डाँडागाउ केरेपे सार्कीडाडा मोटरबाटो | १४०६.८३ | ९११.०५ | २९९.९६ | ११८.४० | ०.०० | २४०५०७ | ४५६९४ | १९४८१३ | १६५५९१ | ३८८४० | |
| | ४८. | २५० | गुम्बा मौलाडाडा सडक | ८७५.८४ | १०७५.१४ | ३२०.९४ | १०४.३५ | ०.०० | २२६३६२ | ४२४२२ | १८३९४० | १५६३४९ | ३६०५९ | |
| | ४९. | २३५ | ठुटेबाट फुगुवा खोला मोटरबाटो | ७८८.४७ | ९९६.८९ | ४६७.२१ | ११६७.७४ | ०.०० | ६८८९८९ | ११३०५७ | ५७५९३२ | ४८९५४२ | ९६०९९ | |
| | ५०. | २४२ | फाक्सालुङ पेल्टिकसेट | ०.०० | ११९.३८ | ०.०० | ०.०० | ०.०० | ७२२२ | १५८३ | ५६४० | ४७९४ | १३४५ | |
| | ५१. | २४४ | सक्रान्ति मेहेलबोटे सडक | १४१७.८३ | १३४७.२३ | ३३९.०५ | १.०८ | ०.०० | २२९१२७ | ४५७७२ | १८३३५६ | १५५८५२ | ३८९०६ | |
| | ५२. | २४९ | रानी चौतारा भोर्ले मोटरबाटो | ६४७.६७ | ३९०.२० | ६३.१४ | ०.०० | ०.०० | ६८०२६ | १४२५७ | ५३७६९ | ४५७०३ | १२११९ | |
| | ५३. | १९७ | गैरीगाउ हुदै बुद्ध आवि सम्म सडक | ४२७.८३ | ५१५.८३ | ३१९.२९ | ८०.७६ | ०.०० | १६२६०२ | २८९०७ | १३३६९५ | ११३६४१ | २४५७१ | |
| | ५४. | १९८ | खाम्लुङ्ग हाङपाङ बाफ्रोघर सडक | ८४६.८५ | ८५१.०९ | १८३.९१ | ७०.२८ | ०.०० | १६३५१३ | ३१५८९ | १३१९२४ | ११२१३६ | २६८५१ | |
| | ५५. | १९५ | नागेश्वरी आपटार मोटरबाटो निर्माण | १३१६.२७ | २२२२.३९ | ३०४.०२ | २२२.०३ | ०.०० | ३५९२१६ | ६८८२८ | २९०३८७ | २४६८२९ | ५८५०४ | |
